आज मिति २०७९।०७।२५ गते बिहीबारको दिन यस बाणगङ्गा नगरपालिकाको नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | खिमानन्द भुसाल | सचिव | |

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाणगङ्गा, कपिलवस्तु

### नगर कार्यपालिकाको आ.व.०७९।८० को तेस्रो बैठक २०७९।०७।२५ का प्रस्तावहरु

प्रस्ताव नं. ३.०१ आन्तरीक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ३.०२ आन्तरीक लेखा परीक्षण कार्यविधि सम्बन्धमा ।

प्रस्ताव नं. ३.०३ योजना LMBIS बाट हटेको सम्बन्धमा ।

प्रस्ताव नं. ३.०४ रिक्त दरबन्दीमा पदपूर्ती सम्बन्धमा ।

प्रस्ताव नं. ३.०५ गन्सहवा पोखरी ठेक्का सम्बन्धमा ।

प्रस्ताव नं. ३.०६ भू-उपयोग कार्यान्वयन कार्यविधि, २०७९ र भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धि मापदण्ड, २०७९ स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३.०७ आयुर्वेदन औषधीको दररेट स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं. ३.०८ बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृती सम्बन्धमा ।

प्रस्ताव नं. ३.०९ अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

**प्रस्ताव नं. ३.०१**

**आन्तरीक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नं. ३.०१**

यस कार्यालयको आर्थिक वर्ष २०७८।०७९ को सेवा प्रवाह र वित्तिय कारोबारहरुको आन्तरीक लेखा परीक्षण प्रतिवेदन सम्बन्धीत शाखाबाट प्रस्तुत भयो र आन्तरीक लेखा परीक्षण प्रतिवेदनमा रहेका सुझावहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.०२**

**आन्तरीक लेखा परीक्षण कार्यविधि सम्बन्धमा ।**

**निर्णय नं. ३.०२**

नगरपालिकाको आर्थिक कारोबारको नियमितता, कार्यदक्षता, मितव्ययिता र प्रभावकारीताका आधारमा आन्तरीक लेखा परीक्षण गरी आर्थिक व्यवस्थाहरु सम्बन्धी कानूनी व्यवस्थाहरु पालना गरी/गराई वित्तिय अनुशासन कायम राख्नको लागि विधायन समितिबाट छलफल भई स्वीकृतिको लागि सिफारिस भई आएको आन्तरीक लेखा परीक्षण कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.०३**

**योजना LMBIS बाट हटेको सम्बन्धमा ।**

**निर्णय नं. ३.०३**

संघीय सरकारबाट शसर्त अनुदानको रुपमा बजेट विनियोजन भई बाणगङ्गा नगरपालिकाको आ.व.०७९।८० को वार्षिक नगर विकास योजना मा समावेस पेज नं.१२७ मा उल्लेखित कंपिलवस्तु जिल्ला बाणगङ्गा-५ कोपवा हाट बजार देखि एशियन माछा फाराम हुँदै मटेरीया २ सिमलखोर जोड्ने सडक स्तरोन्नती को कार्यान्वयनको लागि ठेक्का सूचना (19/NCB/BMO/KAPIL/WORKS/79-80) भईसकेको र हाल LMBIS बाट उक्त योजना हटेको पाईएको र संघीय सरकारबाट शसर्त बजेटमा प्राप्त अन्य योजना तथा कार्यक्रमहरुलाई समेत अगाडी बढाउन अप्ठ्यारो देखिएकोले पूर्व स्वीकृत कार्यक्रम बमोजिम बजेट सुनिश्चितताका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना आयोग र अर्थ मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.०४**

**रिक्त दरबन्दीमा पदपूर्ती सम्बन्धमा ।**

**निर्णय नं. ३.०४**

यस कार्यालको च.नं.२९०१, मितिः२०७७।११।२१ गतेको पत्रानुसार यस कार्यालय र अन्तर्गत रिक्त रहेका विभिन्न पदहरुमा पदपूर्तीको लागि प्रदेश लोकसेवा आयोगमा पठाईएको र उक्त रिक्त पदहरुको पदपूर्ती हालसम्म नभएको साथै प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश बुटवलको च.नं.२४०, मितिः२०७९।०६।२४ को पत्रानुसार पुनः माग आकृति भरी पठाउने भन्ने व्यहोराको पत्र प्राप्त भएकोले यस पहिला माग गरिएका पदहरु नदोहोरिने गरी हालसम्म रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा पदपूर्तीको लागि माग आकृती फारम स्वीकृत गरी पठाउने निर्णय गरियो ।

| सि.नं. | पद | तह | सेवा | समूह | उपसमूह | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ |
| २ | सि.डि.ई. | ९/१० | इन्जि. | सिभिल | | १ |

चक्रपाणी अर्याल
नगर प्रमुख

| सि.नं. | पद | तह | सेवा | समूह | उपसमूह | रिक्त |
|---|---|---|---|---|---|---|
| ३ | जन स्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | | १ |
| ४ | सब-इन्जिनियर | ५ | इन्जि. | सिभिल | | ३ |
| ५ | अ.सब-इन्जिनियर | ४ | इन्जि. | सिभिल | | ३ |
| ६ | ब.मेडिकल सुपरिटेन्डन्ट | ९/१० | स्वास्थ्य | जनरल | | १ |
| ७ | मेडिकल अधिकृत | ८ /९ | स्वास्थ्य | जनरल | | १ |

**प्रस्ताव नं. ३.०५**

**गन्सहवा पोखरी ठेक्का सम्बन्धमा ।**

**निर्णय नं. ३.०५**

यस नगरपालिका अन्तर्गत वडा नं. ७ मा पर्ने गन्सहवा पोखरी ठेक्का म्याद सकिएको र २०७९ मंसिर देखि २०८२ असार मसान्त (३ वर्ष ) सम्मको लागि ठेक्का गर्नुपर्ने भएकोले उक्त पोखरीको रु.२५,०००।- (अक्षेरुपी रु पच्चीस हजार) प्रतिवर्ष न्यूनतम ठेक्का अंक कायम गरी डाँक बढाबढ प्रकृयाबाट २०७९ मंसिर महिना भित्र ठेक्का व्यवस्थापन गर्ने वडा नं. ७ को कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.०६**

**भू-उपयोग कार्यान्वयन कार्यविधि, २०७९ र भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धि मापदण्ड, २०७९ स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३.०६**

भू-उपयोग ऐन, २०७६ को दफा २० बमोजिम गठित भू-उपयोग कार्यान्वयन समितिबाट तयार भई विधायन समितिबाट सिफारिस भई आएको भू-उपयोग कार्यान्वयन कार्यविधि, २०७९ र भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदन्ड, २०७९ स्वीकृत गर्ने र उक्त विवरण आवश्यक कार्यार्थ एवं जानकारीको लागि प्रदेश भू-उपयोग परिषद, संघीय भू-उपयोग परिषद र नापी विभागमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.०७**

**आयुर्वेदिक औषधीको दररेट स्वीकृति सम्बन्धमा ।**

**निर्णय नं. ३०७**

आ.व.०७९।८० मा यस नगरपालिका अन्तर्गत आयुर्वेद शाखाबाट खरिद गरिने आयुर्वेद औषधी तथा कच्चा पदार्थको दररेट निम्नानुसार स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | औषधीको नाम | प्याकिङ्ग साइज | इकाई | जम्मा मुल्य / दररेट कायम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अविपत्तिकर चूर्ण | ५०० ग्रा. | फा. | १०१८.५८ | |
| २ | अर्शकुठार रस | १०० ग्रा. | फा. | १२५५.५० | |
| ३ | सितोपलादि चूर्ण | ५०० ग्रा. | फा. | १२५४.८३ | |
| ४ | गन्धक रसायन | १०० ग्रा. | फा. | १०६२.०० | |
| ५ | योगराज गुग्गुल | ५०० ग्रा. | फा. | ३९५८.८८ | |
| ६ | चन्द्रप्रभा वटि | १०० ग्रा. | फा. | ११९२.१८ | |
| ७ | कैशोर गुग्गुल | ५०० ग्रा. | फा. | ३९५५.२८ | |
| ८ | आरोग्य बर्धनी वटि | १०० ग्रा. | फा. | १२५४.३८ | |
| ९ | अश्वगन्धा चूर्ण | ५०० ग्रा. | फा. | १२२३.१० | |
| १० | अश्वगन्धा चूर्ण | १०० ग्रा. | फा. | ३४०.६५ | |
| ११ | बिल्वादि चूर्ण | ५०० ग्रा. | फा. | ९६६.८३ | |
| १२ | पुष्यानुग चूर्ण | ५०० ग्रा. | फा. | १३०६.८० | |

| क्र.सं. | औषधीको नाम | प्याकिङ्ग साइज | ईकाई | जम्मा मुल्य / दररेट कायम रु | कैफियत |
|---|---|---|---|---|---|
| १३ | महाशंख वटी | १०० ग्रा. | फा. | ८२२.८३ | |
| १४ | त्रिफला चूर्ण | ५०० ग्रा. | फा. | ५५५.९० | |
| १५ | शंख भष्म | ५०० ग्रा. | फा. | ११३५.६८ | |
| १६ | हिंग्वाष्टक चूर्ण | ५०० ग्रा. | फा. | १३५९.६८ | |
| १७ | खदिरादि वटि | १०० ग्रा. | फा. | ११६५.०५ | |
| १८ | दशमूल क्वाथ | ५०० ग्रा. | फा. | ११६५.०५ | |
| १९ | मृगमदासव | १५ मि.लि. | फा. | ९७.६५ | |
| २० | षड्बिन्दु तैल | १५ मि.लि. | फा. | ९९.२३ | |
| २१ | शिरःसूलादि बज्र रस | १०० ग्रा. | फा. | १२१२.७५ | |
| २२ | पंचसकार चूर्ण | ५०० ग्रा. | फा. | ९१६.२० | |
| २३ | जेठिमधु चूर्ण | ५०० ग्रा. | फा. | ११६१.९० | |
| २४ | रोहितक्यादि चूर्ण | ५०० ग्रा. | फा. | १४४९.६८ | |
| २५ | लक्ष्मी विलास रस | १०० ग्रा. | फा. | १५४६.२० | |
| २६ | महायोगराज गुग्गुल | १०० ग्रा. | फा. | २१२५.८० | |
| २७ | आमलकी चूर्ण | १०० ग्रा. | फा. | २१७.५८ | |
| २८ | बालामृत सिरप | १०० मि.लि. | फा. | १३९.५० | |
| २९ | शतावरी चूर्ण | १०० ग्रा. | फा. | २८३.९५ | |
| ३० | जामुन चूर्ण | ५०० ग्रा. | फा. | ११६३.०३ | |
| ३१ | प्रदरान्तक लौह | १०० ग्रा. | फा. | १२१२.५३ | |
| ३२ | टंकण भष्म | १०० ग्रा. | फा. | ९१६.२० | |
| ३३ | सर्पगन्धाघन वटि | १०० ग्रा. | फा. | ११६१.९० | |
| ३४ | गन्धक रसायन | १०० ग्रा. | फा. | १०६३.५८ | |
| ३५ | महाशुर्दसन चूर्ण | १०० ग्रा. | फा. | ३०१.०५ | |
| ३६ | जात्यादि तैल | ५० मि.लि. | फा. | १८७.२० | |
| ३७ | दशमुल तैल | ५० मि.लि. | फा. | १८७.२० | |
| ३८ | त्रिकटु चूर्ण | १०० ग्रा. | फा. | १४५२.८३ | |
| ३९ | चित्रकादि वटि | १०० ग्रा. | फा. | १२१२.७५ | |
| ४० | ज्वानो चूर्ण | १०० ग्रा. | फा. | २४२.३३ | |
| ४१ | हर्रो | १००० ग्रा. | फा. | २४७.५० | |
| ४२ | बर्रो | १००० ग्रा. | फा. | २२५.५० | |
| ४३ | अमला | १००० ग्रा. | फा. | ३५१.७५ | |

**प्रस्ताव नं. ३.०८**

**बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृती सम्बन्धमा ।**

**निर्णय नं. ३.०८**

आ.व.०७९।०८०को लागि बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ विनियोजित बजेटबाट निम्नानुसारको कार्यक्रम संचालन गर्ने गरी स्वीकृत गरियो ।

| क्र स | क्रियाकलाप | ईकाइ | संख्या | नेपाल सरकार अनुदान रु. | स्थानिय तह अनुदान रु | जम्मा रु |
|---|---|---|---|---|---|---|
| क | शासकीय प्रबन्ध | | | | | |
| १ | नगरपालिका स्तरिय पोषण तथा खाद्यसुरक्षा निर्देशक समिति बैठक | पटक | २ | ७९२०० | ० | ७९२०० |
| २ | वडास्तरिय पोषण तथा खाद्यसुरक्षा निर्देशक समिति बैठक | पटक | १ | ० | १००७७४ | १००७७४ |
| ३ | पोषण स्वयंसेवक पारीश्रमिक | महिना | १३ | २९२५०० | १३५२२६ | ४२७७२६ |
| ४ | संचार खर्च | महिना | १२ | ६००० | ० | ६००० |
| ५ | पोशाक भत्ता | | | १०००० | ० | १०००० |
| ६ | ईन्धन खर्च | महिना | १२ | ० | २०००० | २०००० |
| ७ | स्थानिय एफ एमबाट पोषण सन्देश प्रसारण | | | ३०००० | ० | ३०००० |
| ८ | पोषणको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) निर्माण | | | ० | १००००० | १००००० |

| क्र स | क्रियाकलाप | ईकाइ | संख्या | नेपाल सरकार अनुदान रु. | स्थानिय तह अनुदान रु | जम्मा रु |
|---|---|---|---|---|---|---|
| ९ | पोषणमैत्री टोल निर्माणको लागी पोषण तथा खाद्यसुरक्षा निर्देशक समिति र अन्य सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम (पालिका र वडा तह) | पटक | २ | | ७४६०० | ७४००० |
| १० | पोषण सम्बन्धी प्रचार प्रसार सामग्री छपाई | | | ० | २०००० | २०००० |
| ११ | सुनौला हजार दिनका आमाहरुलाई पोषणमैत्री टोलको अवधारणा स्वास्थ्य, घरायसी खाद्यान्न उत्पादन,पूर्ण सरसफाई तथा पोषणको महत्व सम्बन्धी छलफल | समुह | २ | ० | ५०००० | ५०००० |
| १३ | बालपोषण भत्ताको प्रभावकारी उपयोगको बारेमा अभिभावकहरुलाई अभिमुखिकरण | समुह | ४ | ८४००० | ० | ८४००० |
| १४ | कार्यालय सामग्री ल्यापटप खरिद | | | ० | १००००० | १००००० |
| १५ | पोषणमैत्री कार्यक्रमको समिक्षा | पटक | १ | ३५००० | ० | ३५००० |
| | **जम्मा** | | | **५३६७००** | **६०००००** | **११३६७००** |
| ख | कृषि | | | | | |
| १ | सुनौला हजार दिनका आमाहरुलाई उन्नत तरकारीको बीउ वितरण | प्याकेट | २७५ | १००००० | | १००००० |
| | **जम्मा** | | | **१०००००** | | **१०००००** |
| ग | पशुपंक्षी विकास | | | | | |
| १ | सुनौला हजार दिनका आमाहरुलाई उन्नत जातको ४ हप्ते कुखुराको चल्ला खरिद र वितरण (पशुसेवा शाखाको नियमित कार्यक्रमा विनियोजित) दाना तथा औषधी वितरण MSNP कार्यक्रम सपोर्ट | समुह | ११ | ८८३०० | ० | ८८३०० |
| | **जम्मा** | | | **८८३००** | **०** | **८८३००** |
| घ | शिक्षा | | | | | |
| १ | वालविकास केन्द्रका बालबालिका अभिभावकहरुलाई पोषण, सरसफाई र वालविकास सम्बन्धि अभिभावक शिक्षा | समुह | १० | ९२००० | ० | ९२००० |
| २ | बालविवाहजस्ता सामाजिक कुप्रथा विरुद्दमा सडक नाटक | | | ० | ५०००० | ५०००० |
| | **जम्मा** | | | **९२०००** | **५००००** | **१४२०००** |
| ङ | महिला तथा बालबालिका शाखा | | | | | |
| १ | सुनौला हजार दिनका घरपरिवारका सदस्यहरुलाई (सासुबुहारी, श्रीमान श्रीमती) पोषण व्यवहार सम्बन्धी अनुशिक्षण | समुह | ७ | ० | १५०००० | १५०००० |
| २ | पोषण अनुदानका लागी विपन्न समुदायका महिला समुह वा सहकारीहरुलाई विपन्न सदस्यको आयआर्जन सुधार कार्यक्रम गर्न अनुदान | समुह | १ | ६२५००० | ० | ६२५००० |
| | **जम्मा** | | | **६२५०००** | **१५००००** | **७७५०००** |
| च | खानेपानी तथा सरससफाई | | | | | |
| १ | सुनौला हजार दिनका आमाहरुलाई पूर्ण सरसफाई सम्बन्धी तालिम | | ५ | १०८००० | ० | १०८००० |
| | **जम्मा** | | | **१०८०००** | **०** | **१०८०००** |
| छ | स्वास्थ्य | | | | | |
| १ | पोषण सामग्री ढुवानी | | | ३०००० | | ३०००० |
| २ | बहिरङ्ग उपचार केन्द्र (OTC) को स्थापना वा पोषणको लेखाजोखा तथा पालिकाहरुमा रहेका ओटिसीहरु संचालनका लागी स्वास्थ्यकर्मी र महिला स्वंसेविकाको लागी संचार, यातायता तथा उत्प्रेरणा खर्च | | | ५०००० | ० | ५०००० |
| ३ | पोषण मैत्री स्वास्थ्य संस्था घोषणा | पटक | १ | ५०००० | ० | ५०००० |
| ४ | पोषण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण | पटक | | २०००० | ० | २०००० |
| | **जम्मा** | | | **१५००००** | **०** | **१५००००** |
| | **सबै क्षेत्रहरुको जम्मा** | | | **१७०००००** | **८०००००** | **२५०००००** |

**प्रस्ताव नं. ३.०९**

**अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

**निर्णय नं. ३.०९**

आ.व.०७९।०८०को दोस्रो बैठकको समिक्षा गर्दा बैठकबाट निर्णय भएका १५ ओटा निर्णयहरु मध्ये उपभोक्ता समिति गठन र तालिम आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचन २०७९ को कारण तोकिएको समयमा गर्न नसकिएको र निर्वाचन पश्चात तुरुन्त कार्यान्वयनमा ल्याईने र बैठकका अन्य सबै निर्णयहरु कार्यान्वयनमा भैसकेको ।